स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कथाकार गुरुप्रसाद मैनालीको चर्चित कथासंग्रह 'नासो'मा सङ्गहित 'परालको आगो' कथामा आधारित भएर निर्माण हुन लागेको फिल्ममा अभिनेत्री सुहाना थापा मुख्य भूमिकामा अनुबन्धित भएकी छन्। फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्सको तर्फबाट निर्माता सुशील पोखरेलले सुहानासँग कागजी सम्झौता गरेका हुन्। यसमा सुहाना गौंथलीको भूमिकामा देखिनेछिन्। फिल्म 'ए मेरो हजुर ३'बाट डेब्यु गरेकी सुहानाले पहिलोपटक घरबाहिरको फिल्ममा काम गर्न लागेकी हुन्।

आजको विचार...



भगवती...
(दुई पेजमा)

पदम न्यौपाने



यही कातिक १५ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' यतिखेर चर्चाको शिखरमा छ। नेपाली मौलिक परिवेशलाई समेटेर बनेको चलचित्रले चर्चा पाउनु स्वाभाविकै हो। विशेष गरी यसले एक रुवाउने चलचित्रका रूपमा चर्चा कमाएको छ। नेपाली समाजमा सम्पूर्ण 'बा'को प्रतिनिधित्व गर्ने गरी 'बा'ले भोगेका संघर्ष, दलित समुदायका 'बा'ले भोगेका संघर्ष तथा विभेद र अझ विशेषगरी गन्धर्व 'ब'ले भोगेका संघर्ष तथा बहुआयामिक विभेदलाई चलचित्रले मिहीन ढङ्गले प्रस्तुत गर्ने प्रयास गरेको छ।

❒ वर्ष ३० ❒ अंक १२१ ❒ २०८१ मंसिर ९ गते आइतबार 24 November 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### साम्प्रदायिक हिंसामा ३२ को मृत्यु

(रासस/एएफपी)

**पेशावर,** मंसिर ८/पाकिस्तानत्तरपश्चिमी क्षेत्रमा भएको साम्प्रदायिक झडपमा कम्तीमा ३२ जनाको मृत्यु भएको छ । झडपमा ४७ जना घाइते भएको पाकिस्तानी सुरक्षा अधिकारीले बताएका छन् । स्मरण रहोस्, पाकिस्तानको सोही क्षेत्रमा दुई दिनअघि भएको साम्प्रदायिक झडपमा कम्तीमा ४३ जनाको मृत्यु भएको थियो ।

'शिया र सुन्नी समुदायबीच विभिन्न स्थानमा लडाइँ जारी छ । पछिल्लो रिपोर्टअनुसार १४ सुन्नी र १८ शियासहित ३२ जनाको मृत्यु भएको छ,' सुरक्षालाई मध्यनजर गर्दै नाम नबताउने शर्तमा एक वरिष्ठ प्रशासनिक अधिकारीले भने । एक समय अर्ध स्वायत्त क्षेत्र रहेको कुर्रम जिल्लाका केही सुन्नी स्थानहरूमा शिया मुसलमानहरूले शुक्रबार साँझ आक्रमण गरेका थिए, जहाँ साम्प्रदायिक हिंसाका कारण वर्षौंदेखि सयौंको मृत्यु भएको छ । 'स्थानीय समय अनुसार साँझ ७ बजेतिर आक्रोशित शिया समुदायको एक समूहले सुन्नी बहुल बगान बजारमा आक्रमण गरेको थियो ।' 'गोली चलेपछि उनीहरूले पूरै बजारमा पेट्रोल छर्केर आगो लगाइदिए । प्रारम्भिक रिपोर्टअनुसार ३०० भन्दा बढी पसल र १०० भन्दा बढी घर जलेर नष्ट भएका छन् ।

# किसानलाई धान भित्र्याउने चटारो

***यति बेला पहेँलपुर भएर पोकेको धान काट्न, चुट्न र भित्र्याउन किसान बिहानदेखि बेलुकासम्म खेतमै व्यस्त छन् । कतिपयले भने मंसिर अघि नै धान थन्क्याइसकेका छन् ।***

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर ८/असारमा 'मानो' खाएर रोपाइँ गरेको धान अहिले पाकी सकेको छ । त्यसैले देशभरका किसान खेतबारीमा पाकेको धान काट्न र भित्र्याउन व्यस्त छन् ।

पाल्पा र गुल्मीका खेतमा यति बेला पहेँलपुर भएर पोकेको धान काट्न, चुट्न र भित्र्याउन किसान बिहानदेखि बेलुकासम्म खेतमै व्यस्त छन् । पाल्पाका किसान चाडपर्व सकेर अहिले खेतमा धान काट्न व्यस्त छन् । तानसेन माडीफाँटकी तारा थापा तिहारपछि काटेको धान थ्रेसर लगाएर भित्र्याउन व्यस्त देखिन्छिन् । उनले लगाएको धान यसपटक मनग्य फलेकोमा खुसी छन् । 'विगतका वर्षहरूमा भन्दा यस वर्ष समयमै र पर्याप्त पानी पर्दा पोहोर-परारभन्दा बढी धान फलेको छ,' थापाले भनिन् । उनी जस्तै पाल्पाका किसानहरु यतिबेला खेतमा धान काट्दै गरेको, झाट्दै गरेको एवं धान उठाउदैं गरेको अवस्थामा भेटिन्छन् । पाल्पाको माडी फाँट, रामपुर फाँट, अर्गली फँट, कचँल फाँट, पुर्वखोला फाँट, छेर्लुङ्ग फाँट, हुर्गी, गेझाँ, सर्देवा फाँटका किसानहरुलाई धान स्याहार्न भ्याईनभ्याई छ । कतिपयले भने तिहारअघि नै धान



थन्क्याइसकेका छन् । कृषिमा यान्त्रिकरणको कारण चार पाँच दिन लाग्ने काम, दुईचार घण्टामै सकिने गरेको छ । कृषि उत्पादन लागत कम पर्ने, खेतालाहरु कम लाग्ने, छिटो छरितो काम हुने भएपछि पाल्पाका ठूला-ठूला फाँटमा खेतबारी खनजोत गर्ने, धान रोप्ने, धान चुट्नेजस्ता मेसिनहरुको प्रयोग बढ्दै गएको छ । थेसरको कारण तीन चार दिन लाग्ने काम एक दुई घण्टामै हुने गरेको माडी फाँटका कृषक मिन बहादुर चौहानले बताए । पाल्पामा ३६ हजार ५ सय ३७ हेक्टरमा खेती हुँदै आएकोमा ७ हजार ८ सय २८ हेक्टरमा बर्षेधान, ७ सय ५ हेक्टरमा चैते धान र २७ हजार २ सय १२ हेक्टरमा अन्य खेती हुँदै आएको छ । गत बर्ष पाल्पामा ३३ हजार ६ सय ३० मेट्रिक टन धान उत्पादन भएको थियो । यस बर्ष उत्पादन बढ्न सक्ने कृषि ज्ञान केन्द्र पाल्पाले जनाएको छ ।

यस्तै गुल्मीका फाँटहरुमा पनि किसान धान स्याहार्न व्यस्त देखिन्छन् । इस्मा गाउँपालिका -२ रातडाडाँकी सीता रायमाझीले केही दिनदेखि आफुहरु धान काट्न र भित्र्याउन व्यस्त रहेको बताइन् । 'खेतभरी धान पहेलो भएको छ । खेतला हालेर त्यही धान काट्न लागेका छौं' रायमाझीले भनिन् । जिल्लाको इस्मा गाउँपाकिाको सेरा, चौरासी, मालिका गाउँपालिकाको किसानटारी, चन्द्रकोट गाउँपालिकाको शान्तिपुर लगायतका मुख्य फाँटहरुमा किसान धान स्याहार्नमा व्यस्त छन् । जिल्लामा चैते धान ३ सय ५० हेक्टरमा र बर्षे धान आठ हजार ८ सय ३ हेक्टरमा गरि जम्मा नौ हजार १ सय ५३ हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ ।

## रविविरुद्ध धमाधम पक्राउ पुर्जी



**पाल्पा,** मंसिर ८/सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पाटी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध धमाधम पक्राउ पुर्जी जारी भएको छ । सहकारीको रकम ठगी र संगठित अपराधको कसुरमा अनुसन्धान गर्न कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछानेविरुद्ध विभिन्न जिल्लाबाट एकपछि अर्को गरी पक्राउ पुर्जी जारी भएको हो ।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमाथि अनुसन्धानका क्रममा उनी पक्राउ परेका थिए । अहिले जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा रहेका उनलाई केही दिन अघि बुटवलको सुप्रिम सहकारीको बचत हिनामिनामा रूपन्देहीबाट पक्राउ पुर्जी जारी भएको थियो । त्यो लगत्तै लामिछानेलाई प्रहरीले बयान लिइसकेको छ । त्यहाँबाट बयान लिएसँगै काठमाडौं जिल्ला अदालतबाट पनि पक्राउ पुर्जी जारी भएको छ । काठमाडौँको कालीमाटीस्थित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको रकम अपचलनमा संलग्न रहेको आरोपमा लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी भएको हो ।

**-बाँकी अन्तिम पेजमा...**

## गुल्मीमा एउटै गाउँबाट चार करोडको सुन्तला निर्यात

**तम्घास,** मंसिर ८/गुल्मीको धुर्कोट गाउँपालिका-२ पिपलधाराका विष्णुप्रसाद खनालको सुन्तला खेती पुर्ख्यौली पेसा हो । उनको अहिले २९ रोपनी बारीमा सुन्तला बगैँचा छ । कूल एक हजार चार सय सुन्तलाका बिरुवामध्ये आठ सयले उत्पादन दिइरहेका छन् । बाँकी छ सय बिरुवाले अर्को वर्षबाट क्रशम: उत्पादन दिने छन् । गतवर्ष उनले २६ टन सुन्तलाबाट १३ लाख आम्दानी गरेका थिए ।

गतवर्ष खनालले साना-ठूला गरी सबै दाना बगैँचाबाट नै प्रतिकेजी ५० मा बिक्री गरे । यस वर्ष सुन्तलाको उत्पादन राम्रो भएकाले गत वर्षभन्दा बढी आम्दानी हुने उनी बताउन्छ । यस वर्ष पनि खनाल सुन्तला बिक्री गर्ने तयारीमा छन् । पेसाले शिक्षक खनालले सुन्तलाको बिरुवाको लागि आफ्नै बारीमा नर्सरीको स्थापना गरेका छन् । गतवर्ष कृषि ज्ञान केन्द्रको सहयोगमा उनले सिँचाइको लागि पोखरीसमेत निर्माण गरे । 'सानैदेखि व्यावसायिक बन्ने सोच थियो ।' खनालले भने, 'दिउँसोमा विद्यालय भए पनि बिदा र बिहान-बेलुकाको समय सुन्तला खेतीमा लगाउँछु ।' उनको फर्मबाट परिवारका सदस्यबाट हुने श्रम बाहेक वार्षिक तीन



सय दिन रोजगारी समेत सिर्जना हुने गर्दछ । पिपलधाराका वडाध्यक्ष बाबुराम खड्का पनि सुन्तला किसान हुन् । उनले यस वर्ष मात्रै एक हजार सुन्तलाका बिरुवा लगाए । केही वर्ष पहिले आठ सय बिरुवा लगाएका थिए । उनको पनि पुर्ख्यौली पेसा सुन्तला खेती भएकोले अहिले तीन सय ५० बोटले उत्पादन दिइरहेका छन् । ४० रोपनी क्षेत्रफलमा सुन्तलाखेती गरेका उनले सुन्तला रेखदेखको लागि एकजनालाई रोजगारी समेत दिएका छन् । सुन्तला राम्रो उत्पादन हुँदा प्रतिबोट चार सय दानासम्म उत्पादन हुने उनले बताए । 'लगाएका सबै बिरुवा फल्दा १८ हजार क्वीन्टल सुन्तला उत्पादन हुन्छ ।' उनले भने, 'यसबाट अहिलेको बजार मूल्यअनुसार ६० लाखको आम्दानी हुन्छ ।' यसमा खर्च २० लाख कटाउँदा पनि बाँकी ४० लाख नाफा हुने वडाध्यक्ष खड्काले बताए । **-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# कर स्वेच्छाले तिर्ने वातावरण सिर्जना गरौं

सरकारले यस वर्षको राष्ट्रिय कर दिवस सप्ताव्यापी कार्यक्रम गरी मनाएको छ । 'कर प्रणालीको सार : लगानीको आधार' भन्ने मूल नाराका साथ मंसिर १ देखि ७ गतेसम्म देशैभर कर सचेतनाका कार्यक्रम गरी मनाइयो । कर प्रणालीलाई आधुनिकीकरण गर्ने, करदाताको कर सहभागिता लागत घटाउने, प्रविधिमैत्री जनशक्ति विकास गरेर कर तिर्ने बानीको विकास गर्ने उद्देश्यले २०५४ मंसिर १ गतेदेखि हरेक वर्ष यो दिवस मनाउने गरिए पनि त्यसो हुन सकिरहेको छैन । राज्यको कर नीतिमा सुस्पष्टता र पारदर्शिताको अभावका कारण करदाताले अझै पनि त्यस्तो महसुस गर्न सकेका छैनन् । करका विभिन्न स्रोतहरुका रुपमा लिइने आय कर, मूल्य अभिवृद्धि कर, भन्सार महसुल करलगायतलाई लिएर जनस्तरमा व्यापक गुनासो छ । करको दायरा विस्तार गर्न, करदातामैत्री वातावरण सिर्जना गर्ने, करदाता सेवाको गुणस्तरमा वृद्धि गर्ने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर छली र चुहावट रोक्ने लगायतका विषयमा सरकारको ध्यान जान नसक्नु दुखको कुरा हो ।

राजनीतिक अस्थिरताका कारण पनि राज्यको कर प्रणाली प्रभावकारी ढङ्गले स्थायीरुपमा स्थापित हुन सकिरहेको छैन । हरेक सरकारको परिवर्तनसँगै कर नीतिहरु केही स्वार्थी तत्वहरुको चङ्गुलमा परेको मात्रै छैन, सरकारले दलीयरुपमा आफूअनुकूल बनाउने अभ्यासका कारणसमेत कयौँ ठूला करदाताहरु जोगिने र साना करदाताहरुलाई भने सधैं मर्का परिरहने अवस्थाले नेपालमा राम्रैसँग काम गरिरहेको देख्न सकिन्छ । अहिले नेपाल सरकारको बक्यौता असुली, बेरुजु फर्स्योट, आन्तरिक प्रशासनिक पुनरावलोकनको प्रगति सन्तोषजनक छैन जसका कारण अर्थतन्त्रमाथि चाप परेको छ ।

सरकारको कर संकलनमा कमी हुँदै जाने र अर्कोतर्फ सामाजिक सुरक्षा, विकास निर्माण, संघीयता कार्यान्वयन, अन्य अनिवार्य दायित्वका खर्चहरूले स्रोतमाथिको दबाब बढिरहने हो भने निश्चितरूपमा नेपालको अर्थतन्त्र ओरालो दिशातर्फ जाने कुरामा कुनै शंका छैन । यो अवस्थामा करमैत्री वातावरण सिर्जना गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ । यी सबै चुनौतिको सामना सरकार र निजी क्षेत्र मिलेर गर्नुको विकल्प छैन । अबको दिनमा निजी क्षेत्रलाई कर सहभागितामा समावेश गरि कर बाध्यताले होइन, स्वेच्छाले तिर्ने वातावरण सिर्जना तर्फ लाग्न आवश्यक छ । जसले गर्दा विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न टेवा पुग्छ ।

## Opinion @ Social Network

बुद्धीले बदि्लएको मान्छे सबैलाई समान देख्छ, तर
पैसाले बदि्लएको मान्छे आफुलाई वरिष्ठ ठान्छ ।
(माया बि.कको फेसबुक स्टाटस https://www.facebook.com/Maya.B.k)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भगवती मन्दिर पुनर्निर्माण र व्यवस्थापन समितिको दायित्व






वि.सं. १९९० भुकम्प अघिको तीन तले पाल्पाली भगवती मन्दिर

*वि.स १८७६ मा निर्माण सम्पन्न भएको भगवती माताको तीनतले मन्दिर पटक-पटक विभिन्न कारणबाट भत्किएर दुईतलामा सिमित गरिएको थियो भने केही वर्षदेखि छाना चुहिएर शक्तिकी देवी भगवतीको मूर्तिमा पानी पर्दा समेत यसको छाना मर्मतमा समेत चासो नरहेको अवस्थाले धेरैको मनमा चिसो पसे पनि पहलमा भने दह्रो सक्रियता देखिएको थिएन ।*

"हे शक्तिस्वरुपा माता भगवती दुश्मनको मुकावला गर्न हामी रणभूमितर्फ प्रस्थान गर्दैछौं । रण(विजय गर्न हजुरको शक्ति र आशीर्वाद हामीलाई बक्सियोस् । कृपाले विजयश्री प्राप्त गर्न सके हजुरको यो दिव्य मूर्तिलाई एक सुन्दर मन्दिरभित्र स्थापित गरी हरेक वर्ष हजुरलाई खट्मा विराजमान गराई भव्यताका साथ फौजी जवान, निजामती कर्मचारीहरूको बैण्ड बाजा बजाई नगरपरिक्रमा गर्ने , गराउने मन, बचन कर्मले बाचा र प्रतिज्ञा गर्दछु । हे अम्बे ! यो दु:खी भक्तको क्रन्दन, पुकार सुनी दया गरिबक्सनुहोस् । हजूरको जय होस् ।" तत्कालिन पाल्पाका तैनाथवाला कर्णेल उजीर सिंहले पाल्पामा अवस्थित भगवती माता समक्ष गरेको यो भाकल र संकल्प अहिले सम्म पनि पाल्पाको एउटा सांस्कृतिक सम्पदा र परम्परा बनेको छ ।

यो परम्परा हरेक वर्षको भाद्र कृष्ण नवमीका दिन तानसेन बजारमा भगवतीको रथयात्रा गराइ मनाउने गरिन्छ । यो रथयात्रा राष्ट्रिय गौरव बोकेको ऐतिहासिक जात्रा पनि हो । नेपाली सेनाले अंग्रेज सेनालाई जीतगढी युद्धमा हराउन सफल भएका कारणसँग सम्वद्ध रहेकोले यो विजय उत्सव राष्ट्रिय उत्सव र पर्व पनि हो । यो विजय उत्सव राष्ट्रले नै मनाउनु पर्ने भएपनि हालसम्म न नेपालका कार्यकारी प्रधानमन्त्री न राष्ट्रपतिको रथयात्राका अवसरमा सहभागिता जनाउने चलन नदेखिएको मात्र नभै शक्तिकी देवी भगवती माताको दर्शन समेत गरिएको थिएन । यो अवस्था रहनु भनेको पाल्पाको यो महत्वपूर्ण सांस्कृतिक विराशतयुक्त सम्पदाप्रतिको उपेक्षाको रुपमा लिने गरिएको थियो ।

वि.स १८७६ मा निर्माण सम्पन्न भएको भगवती माताको तीनतले मन्दिर पटक-पटक विभिन्न कारणबाट भत्किएर दुईतलामा सिमित गरिएको थियो भने केही वर्षदेखि छाना चुहिएर शक्तिकी देवी भगवतीको मूर्तिमा पानी पर्दा समेत यसको छाना मर्मतमा समेत चासो नरहेको अवस्थाले धेरैको मनमा चिसो पसे पनि पहलमा भने दह्रो सक्रियता देखिएको थिएन । तत्कालिन कर्णेल उजिर सिंहले विस १८७२-७६ मा पुन: निर्माण गरेको यो ३ तले मन्दिर विस १९९० को भुकम्पका कारण क्षत विक्षत हुन गई पुन: निर्माण गरि २ तलेमा सिमित गरिएको थियो । तत्पश्चात विभिन्न समयमा पुन: निर्माण एवं मर्मत गर्दा २ तलेमै राखियो र हालसम्म २ तलामै सिमित राखिएको छ । गत वर्ष गठीत नयाँ मन्दिर व्यवस्थापन समितिले पहिलो वर्षमै राष्ट्रपतिलाई भगवति मन्दिरको दर्शन गराउने र मन्दिरको पुन: निर्माणमा सरकारी चासो बढाइ पुन: निर्माण प्रक्रिया अगाडि बढाउन पहल गरे पनि छोटो समय र राष्ट्रपतिको स्वास्थ्य अवस्था प्रतिकुल भएका कारण सफल हुन सकेको थिएन । सोही वर्ष राष्ट्रपति कार्यालय विशेषगरी निजि सचिवालय र व्यवस्थापन समितिबिच आउँदो वर्ष पाल्पा जाने मौखिक समझदारी भएको थियो । यस वर्षको भदौ महिनामा सम्पन्न रथयात्रा (खट् यात्रा)मा राष्ट्रपतिको सहभागितामा बृहत र व्यापक सहभागितामा सम्पन्न भयो । यस वर्षको रथयात्रा इतिहासमै पहिलो रथयात्रा भएको सहभागिहरुले टिप्पणी गरेको सुनिन्थ्यो । यहाँ एउटा प्रश्न उठ्न सक्छ आखिर राष्ट्रपतिको आगमनको प्रभाव के देखियो र ? हो यो महत्वपूर्ण प्रश्न र जिज्ञासा स्वभाविक पनि हो । अब एकैछिन यसबारे चर्चा गरौं । राष्ट्रपतिको आगमनका लागि पूर्व मौखिक सहमति भएपनि विभिन्न औपचारीक प्रक्रियाहरुले गर्दा नियमित सम्पर्क समन्वय मात्र होइन लामो प्रक्रियालाई छोटो र छरितो बनाउन जरुरी रहेछ । यसका लागि पाल्पाका संघीय सांसदहरु, राजनीतिक दलका प्रमुखहरु र लुम्बिनी प्रदेश सभा सदस्य एवं पूर्व मन्त्रीहरुले आफ्ना भेटमा पाल्पा आउन गरिएको निरन्तर आमन्त्रण र राष्ट्रपति कार्यालयको प्रसाशनिक संयन्त्रलाई गरेको अनुरोधले राष्ट्रपतिको आगमन सफल हुन सक्यो । राष्ट्रपतिको आगमनसँगै संघका पर्यटन र रक्षा मन्त्रीद्धय , लुम्बिनी प्रदेशका मुख्यमन्त्री, पर्यटन, अर्थ र स्वास्थ्य मन्त्री, नेपाली सेनाका कामु प्रधान सेनापती र पृतना पति तथा अन्य मुख्य पदाधिकारीहरु, प्रदेश सभा सदस्यहरु, पूर्व मन्त्री, सभामुख लगायतको सहभागिताले सो दिन पाल्पामा राष्ट्रको ठूलो शक्तिको जमघट भएको थियो जुन व्यवस्थापन समितिले चाहे अनुरुपको सहभागिता रहनपुग्यो । एउटा उपलव्धि यही हो भने अर्को अपलव्धि भनेको यो शक्ति एकै दिन पाल्पामा सहभागी हुनु भनेको भगवती प्रतिको आस्था र विश्वासले पनि हो । अनि अर्को उपलव्धि एउटा आस्था र शक्तिकी देवीको शक्ति र महिमा बढाउने कार्य पनि हो । र चौथो उपलव्धि भनेको अब यसको माध्यमबाट मन्दिर पुन: निर्माण र मन्दिर परिसरमा पुरानै शैली तर उपयोगीताका आधारमा नयाँ संरचनाको निर्माण गर्ने अभियानलाई सार्थक बनाउने अवसरको रुपमा लिइएको छ । व्यवस्थापन समिति अब यही पहलमा सबै सरोकारवाला निकाय, सांसद, प्रदेश सभा सदस्य, विभिन्न अंग र व्यक्तित्वहरुहरुको समन्वयात्मक परिचालनमा जुट्न जरुरी छ । व्यवस्थापन समितिले यस अगावै पुरातत्व विभाग समक्ष अनुरोध गरी मन्दिरको पुरानै ३ तलाको संरचनाको डिजाइन र स्टेमेट तयार पारी विभिन्न सरोकारवाला व्यक्ति , संस्था र निकायहरुबिच छलफल गराई तिन तले कि २ तले भन्नेमा विगत लामो समयदेखिको अन्योलतालाई हटाइ ३ तलाकै पुरानो शैलीमा पुन: निर्माणको लागि सहमति गराइ सकेको थियो । यसर्थ अब मन्दिर पुरानै शैलीमा जिर्णोद्धार वा पुन: निर्माण गर्न जरुरी भएको र सोका लागि लाग्ने बजेट व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार समक्ष अनुरोध गरेको सन्दर्भमा प्रदेश सरकार यस प्रस्तावमा सकारात्मक देखिएको छ र निर्माणमा सहभागि हुने जनाई सकेको छ । यस कार्यमा मुख्यमन्त्रीले आफ्ना अर्थ र पर्यटन मन्त्रीसंग छलफल गरिसकेको जानकारी प्राप्त भएको छ । अब यसका लागि पाल्पाका सवै सांसदहरु, प्रदेश सभा सदस्यहरु, वर्तमान तथा पूर्व मन्त्रीहरुको चासो र सक्रियता देखाउने प्रतिवद्धता समेत आइसकेको छ । यस कार्यमा मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकारको भूमिका पनि अहंम हुने देखिन्छ । मन्दिरको निर्माण कार्यमा प्रदेशको संलग्नता प्रमाणित भएपश्चात मन्दिर परिसरको निर्माण पुन:निर्माणमा संघीय सरकारको चासोको लागि सबैको उत्तिकै सक्रियता र चासो रहन जरुरी छ । यसका साथै रथयात्राको दिनलाई राष्ट्रिय क्यालेण्डरमा उल्लेख गर्न सघीय पर्यटन मन्त्री र सांसदहरुले प्रदर्शन गरेको चासो र सक्रियतालाई अगाडि बढाउने कार्यभार पनि रहेको छ ।

ठूलो महिमा र आस्थाको रुपमा रहेकी देवी भगवतीको मन्दिरमा दर्शन गर्न आउने दर्शालुभक्तजनहरुको गुनासोमा रहेको भक्तजनहरुले अर्पण गरेको भेटी र गरगहनाहरुको अभिलेखीकरण नहुने अपारदर्शी क्रियाकलापलाई पारदर्शी बनाउनु पर्ने महत्वपूर्ण कार्यभार समिति समक्ष रहेको छ भने मन्दिरका नाममा रहेका चल अचल सम्पती , गरगहनाको संख्या, वजन, गुणस्तर र शुद्धताको जाँच र मापन गरी अद्यावधिक गर्ने कार्य अति आवश्यक छ । यस कार्यले पनि आस्था र विश्वास प्रति प्रभाव पार्दो रहेछ भन्ने उदारणहरु प्रशस्त देख्न पाइन्छ । यसका लागि समितिले आफ्नो कार्यभारमा राखेको छ भने विभिन्न स्थानमा रहेका गुठी जग्गाको अद्यावधिक गर्ने कार्य पनि अगाडि बढेको छ । पाल्पा भगवतीको रथयात्रा विशेष प्रक्रिया र पद्धतीबाट गरिने हुनाले यस प्रक्रिया समेतको अभिलेखीकरण गर्ने कार्य प्रारम्भ भइसकेको छ । पुजारीहरुको व्यवस्थापन, विहानदेखी बेलुकासम्म मन्दिर खुल्ला रहने व्यवस्था गर्नुपर्ने देखिन्छ । यसैगरी व्यवस्थापन समितिले गर्नुपर्ने अर्को महत्वपूर्ण दायित्व मन्दिर व्यवस्थापन समिति गठन गर्दा सहभागी हुने व्यक्ति र संस्थाहरुको निर्क्योल गरी न्यूनतम को कसको सहभागिता अनिवार्य हुनुपर्ने हो भन्ने स्पष्ट पार्ने कार्य पनि हो । त्यति मात्र होइन गर्भगृहमा राखिएको भगवतीको पुरानो मूर्तिको दर्शनाथीहरुले दर्शन गर्न पाउने व्यवस्था पनि मिलाउन सके आस्थामा झनै बढोत्तरी हुने देखिन्छ । यसका बारेमा पनि ध्यान दिन जरुरी देखिन्छ । उल्लेखित कार्यहरु सम्पन्न गर्न व्यवस्थापन समितिले सबै पक्षहरुसँगको सम्पर्क समन्वयमा जोड दिन आवश्यक छ । मन्दिर आफैमा पुरातात्विक हो भने रथ यात्रा अर्को एउटा साँस्कृतिक विरासतको रुपमा रहेको सम्पदा पनि हो । यो विरासतयुक्त संस्कृतिलाई सम्पदासूचिमा अभिलेखीकरणको सम्भावनाको वजन पनि हेर्नु पर्ने देखिन्छ । यस कार्यमा स्थानीय सरकार नगरपालिकाले कदम चाल्न सक्छ । त्यति मात्र होइन कम्तीमा स्थानीय पाठ्यक्रममा भगवतिको शक्ति, महिमा र रथायात्राको ऐतिहासिक र सांस्कृतिक मूल्य र मान्यता बोकेको सम्पदाको बारेमा समावेश गर्न नगरपालिकासँग सहकार्य गर्न जरुरी देखिन्छ । मन्दिर र आस्था सबैको हो, यस मार्फत पाल्पामा आन्तरिक पर्यटक बढाउन सकिने र यसको प्रभाव प्रत्यक्ष प्रभाव बजारमा पर्ने हुनाले आपसी सहकार्य र सहभागिता जरुरी रहन्छ । सबैको सहयोग र सक्रियताले उल्लेखित सबै कार्यहरु समयमै सम्पन्न गर्न सकिने हुन्छ । ***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नाताकुटुम्बको आगमन हुनेछ। घरमा रमाइलो वातावरण छाउनेछ । | **तुला** : काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । दौडधुप गर्नुपर्ने छ । |
| **वृष** : भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ । | **वृश्चिक** : आफन्त र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |
| **मिथुन** : समय त्यति राम्रो देखिँदैन । लेनदेनको कार्यमा विशेष ख्याल गर्नुहोला। | **धनु** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कर्कट** : जिम्मेवारी वहन गर्ने समय आएको छ । व्यापारमा सफलता हात लाग्नेछ । | **मकर** : परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । |
| **सिंह** : रोकिएको काम पुन: प्रारम्भ हुनेछ। सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : कार्यमा व्यस्त रहन पर्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला । |
| **कन्या** : प्रियजनसँग सम्बन्ध समधुर रनेछ। सामाजिक क्षेत्रमा भ्रमण हुनसक्छ । | **मीन** : मन हर्षका साथ समय व्यतीत हुनेछ। आर्थिक क्षेत्रमा लगानीको समय छ। |

## कृषि

# बाँदर आतंक:हरियोमै धान काट्छन् किसान



मकवानपुरको भीमफेदी गाउँपालिकामा करिब ३ वर्षयता बाँदर आतंकले अन्नबालीमा नोक्सानी पुऱ्याएको छ । कृषकको जीवन धान्नका लागि लगाइएको अन्नबाली बाँदरले नष्ट गर्ने गरेको स्थानीयले गुनासो गरेका छन् । आफूले लगाएको अन्नबाली दिनदिनै बाँदरले खाने र फाँडेर नष्ट गर्ने गर्नाले किसानहरु निराश बनेका छन् । गाउँघरमा अन्नबाली जोगाउन निकै मुस्किल भएको भीमफेदी-६ का कृष्णबहादुर मगरले बताए । मकै, धान, कोदो, फापर, गहुँ, तोरीलगायत तरकारीमा बाँदर लाग्न थालेपछि किसानहरु पनि निराश हुनुपरेको उनले बताऐ । 'खेतबारिमा केही राख्न दिँदैन,' मगरले भने । दिनरात नभनी दु:ख गरेर लगाएको बाली बाँदरले सत्यानास गरिदिँदा अन्नबाली लगाउन मन नलागेको उनले बताए । मरिमरी काम गऱ्यो, बाली भित्र्याउने बेलामा बाँदरले सक्काउला कि भनेर बारिमा कुर्नुपर्ने बाध्यता रहेको उनले बताए । 'अलि अगाडि वर्षमा यहाँ खासै बाँदर थिएनन् । तर, पछि फाट्टफुट्ट देखिन थाले । हाल त थेगिनसक्ने गरी आउन थालेका छन्,' उनले भने 'हालै धान भित्र्याउने बेलामा पनि बाँदरले निकै नै दु:ख दिए ।' धान काट्ने बेला नभइ बाँदर आतंकले हरियोमै धान काटेर भर्नुपरेको उनले बताए । 'खेतमा धान फल्नमात्र थालेको थियो । बाँदर त खेतभरि लडिबुडी गर्ने, धान खाने, ढलाउने गर्नाले यसपालि चाँडै धान काटेर भित्र्याइयो,' उनले भने । सयौंको संख्यामा बाँदरको हुल आएर खेतीपाती नष्ट गरिदिने र घरपरिवारलाई समेत तर्साउनेमात्र नभइ घरभित्र पसेर चुलोमा राखेको भातसमेत खाइदिने गरेपछि स्थानीय धमाधम बसाईं सारेर हिँडे । गाउँ रित्तो हुन थालेपछि बाँदरले झन् कब्जा जमाएर बाली सखाप बनाएको उनको गुनासो छ । बाँदरको आतंककै कारण खेती छाडेर केहीले भैंसी पालेको उनले बताए । 'खेतमा लगाएको मकै, गहुँ र फलफुल बाँदरले सखाप बनायो, खानै पाइएन,' उनले भने, 'दु:ख गरेर पनि केही भित्र्याउन नपाएपछि छोराहरु पनि निराश थिए ।' अरु कामधन्धा छाडेर बाँदरबाट बाली जोगाउन पालैपालो चौकीदारी बस्न जानु आफूहरुको बाध्यता सुनाए । 'हाल त बाँदर घरघरमै छिर्न लागेका छन् । घर रुघ्न छाडेर कोही बाहिर जान पाउँदैनन् । नत्र भित्रै पसेर उत्पात गरिहाल्छ,' उनले भने । गाउँमा बस्ती घट्दै गएका कारण बाँदर अलि बढ्न थालेको हो कि भन्ने अनुमान गरिएको पालिका अध्यक्ष हिदम लामाले बताए । केही समयअघि गाउँबस्ती हराभरा थिए । मानिसको चाप थियो । तर, हाल मानिसहरु सहर पस्न थालेपछि र बनजंगलमा खानेकुरा अभाव भएपछि बाँदर गाउँबस्ती पस्न थालेको उनले बताए । 'हिजोआज गाउँबस्ती खाली हुँदैछन् । बाँदरको संख्या बढ्दै गएको छ र बालीनाली बचाउन मुस्किल भएको छ,' पालिका अध्यक्ष लामाले भने । बाँदर आतंक हाललाई राज्यकै समस्या भएको त्रिभुवन विश्वविद्यालय वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पस प्रमुख डा. शिवकुमार मानजनले बताए । बनजंगलमा खानेकुरा अभाव भएपछि बाँदरहरु बस्तीमा छिर्ने गरेको उनले बताए । 'गाउँका युवा सहर र कोही विदेश जान थाले । गाउँघरमा बालीमा बाँदरले हैरान पारेका छन्,' क्याम्पस प्रमुख मानजनले भने । मन्दिरका बाँदरलाई जाल हालेर अलि टाढा बस्तीमा लगेर छाड्नाले पनि बाँदर बढेको हो कि भन्ने लागेको उनले बताए । स्थानीयको मुख्य पेशा कृषि भएकाले यसप्रति राज्यले पनि चासो राख्नु आवश्यक भएको उनले बताए । कृषकले लगाएको बाली बाँदरले नष्ट गर्नु दु:खद् भएको उनि बताउन्छन् । बाँदरदेखि आजित बनेका स्थानीयबासिन्दाले प्रदेशतर्फ आँखा ताकिरहेका बेला प्रदेश सरकारले भने कुनै योजना ल्याउन सकेको छैन । एक अध्ययनले बाँदर धार्मिक प्राणी पनि भएकाले तत्कालका लागि रोकथामको कुनै उपाय सुझाउन सकेको छैन । बाँदर मान्छेपछिको बुद्धिजीवी भनिन्छ । त्यसलाई बन्ध्याकरण गर्ने, समाएर नियन्त्रण गर्ने भन्ने उपायले नियन्त्रण सक्सेस हुँदैन भनेर प्रतिवेदनले भनेको छ । बाँदर आतंक संख्या बढेको हो वा अन्य कारण हो भन्ने विषयमा भने अध्ययन हुन बाँकी छ । बाँदर मार्नका लागि कानुनी अवरोध भएको भन्दै स्थानीयले कानुन सुधारको माग गरेका छन् । नेपालभरि नै बाँदर आतंकका कारण किसान मर्कामा परेका छन् । फसल जति बाँदरले खाइदिने हुनाले जमीन बाँझो राख्ने प्रवृत्तिसमेत देखापरेको छ । त्यसैले बाँदर नियन्त्रणका लागि बाँदर निर्यात गर्नेदेखि बाँदर धपाउन कर्मचारी राख्नेसम्मका कुरा आएका छन् । तर, यी कुनै उपायले काम गर्ने देखिदैन । बाँदर नियन्त्रणबारे संघीय संसद्देखि स्थानीय तहसम्म कुरा उठेको छ । यसको नियन्त्रणको कुरासँगै जोडिएर आउने कुरा हो, कसरी हाल बाँदर आतंक बढ्यो त ? यसमा बाँदरविज्ञका अध्ययनले देखाउने विषय विशेष होला तर सामान्य अनुभवका आधारमा हेर्दा भने नेपालको बस्ती र खेतीपातीमा आएको परिवर्तन नै बाँदर आतंकको कारण हो । बाँदर वनजंगलमा नै रमाउने जनावर हो । विगतमा वनमा विभिन्न किसिमका फलफुलका रुख हुन्थे । वरलगायत फल लाग्ने रुख यत्रतत्र पाइन्थे । अर्थात्, बाँदरलाई आहार खोजी गर्न वनजंगल नै पर्याप्त थियो । तर, हाल गाउँबस्ती खाली हुन छाडेसँगै धेरै खेतबारि जंगलमा परिणत हुन थालेको छ । यस्तो ठाउ"मा फल लाग्ने बोट छैनन् । त्यस्तै गाउँबेशी सबैतिर खेतीपाती हुन्थ्यो । ती ठाउँमा फाट्टफुट्ट बाँदर आउँथे । तिनलाई त्यहींका आहाराले पुग्थ्यो । तर, हाल यसरी खेती हुन छाडेको छ । कि त गाउँमा बस्ती बाक्लिएको छ, कि त बस्ती बेंशीतिर बाक्लिएको छ । यस्तोमा बाँदरले आहार खोजीका लागि जहाँ बस्ती छ, त्यहाँ जानु स्वभाविक हो । त्यसैले बाँदर आतंक कम गर्ने हो भने पारिस्थितिक प्रणाली जोगाउन र त्यसअनुसार अनुकूलन हुन आवश्यक देखिने विज्ञ बताउँछन् ।

*-इहिमालय टाइम्स डटकम*


# केराखेतीबाट वार्षिक १० लाख आम्दानी



जिल्लाको बेलौरी नगरपालिका-६ विद्यानगरका प्रताप राना सफल केरा किसानका रुपमा परिचित छन् । डेढ दशकदेखि व्यावसायिक रुपमा केराखेती गर्दै आएका रानाले केराखेतीबाट वार्षिक रु १० लाख बढी आम्दानी गरिरहेका छन् । राना जिल्लामा उत्कृष्ट कृषकका रुपमा सम्मानितसमेत भइसकेका छन् । सुरुआतमा पाँच बिघा जग्गामा केराखेती सुरु गरेका रानाले हाल १७ बिघामा खेती विस्तार गरिसकेका छन् । राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकबाट रु २९ लाख ५० हजार ऋण लिएर केराखेती सुरु गरेको उनले बताए । अहिले केराखेतीबाट वार्षिक रु १० लाख भन्दा बढी आम्दानी हुने गरेको उनले जानकारी दिए । "केराखेती मेरो आम्दानीको मुख्य स्रोत हो, म यसैमा सन्तुष्ट छु", रानाले भने, "वार्षिक रु २८ देखि २९ लाखसम्मको कारोबार हुने गरेको छ, सबै खर्च कटाएर वार्षिक रु १० लाखसम्म आम्दानी हुन्छ ।" केराखेतीको आम्दानीबाट घरखर्च चलाउनुका साथै कृषि औजार जोड्ने गरेको उनले बताए । कृषिमा प्रविधिको प्रयोग गरेपछि कम लागतमा धेरै आम्दानी हुन थालेपछि उनले पछिल्लो समय आम्दानीको केही अंश कृषिऔजार खरिदमा लगाउने गरेको बताए । "कृषिमा अहिले थुप्रै प्रविधि आएको छ यसबाट कम लागतमा धेरै आम्दानी गर्न सकिन्छ", रानाले भने, "अहिले खेती गर्दा प्रविधिको प्रयोग गर्ने गरेको छु, अहिले ड्रोन प्रविधिबाट खेती गर्ने प्रयास गरिरहेको छु ।" कृषक रानाले केराखेती गर्न पर्याप्त जग्गा नहुँदा समस्या भएको गुनासो गरे । "मैले जग्गा भाडामा लिएर खेती गरिरहेको छु । यहाँ भाडामा पनि जग्गा पाइँदैन, पाइए पनि दुईरतीन वर्षका लागि मात्रै पाइन्छ", रानाले भने, "लामो समयका लागि जग्गा भाडामा नपाउँदा थोरै क्षेत्रफलमा खेती गर्नु परेको छ ।" उनले लामो समयसम्मका लागि जग्गा भाडामा पाइए केराखेती विस्तार गर्दै लैजाने योजना रहेको बताए । खेतीमा प्रविधिको प्रयोगले उत्पादन र आम्दानी राम्रो हुन थालेको उनको भनाइ छ । "बीउबिजन र विषादीलगायत आवश्यक कीटनाषक औषधि छर्कन ड्रोन प्रविधिबाट खेती गर्ने तयारीमा छौँ", रानाले भने, "ड्रोन प्रविधिको प्रयोगले उत्पादन र आम्दानी बढ्ने आशा गरेका छौ ।" उनले पछिल्लो समय विषादी छर्किंदा किसानहरुको स्वास्थ्यमा समस्या हुने गरेको बताउँदै ड्रोन प्रविधिले कृषकको स्वास्थ्यमा हुने समस्या कम हुने विश्वास व्यक्त गरे । रानाले दुई जनालाई मासिक तलबमा कामदार राखेका छन् भने खेतीको सिजनको बेला ३०-४० जनालाई रोजगारी दिने गरेको बताए । उत्पादन गर्नसके बजारको समस्या नरहेको उनको भनाइ छ । "अहिलेसम्म बजारको समस्या भोग्नुपरेको छैन", रानाले भने, "स्वदेशमै मेहनतका साथ काम गरे विदेश जानुपदैन ।" उनले यहाँ उत्पादित केरा अत्तरिया, दिपायल, डडेल्धुरा र दाङको तुलसीपुरसम्मका बजारमा जाने गरेको जानकारी दिए । उन राज्यले किसानलाई सहयोग गर्ने नीति ल्याउएमा किसानलाई हौसला प्राप्त हुनुका साथै उत्पादन वृद्धिमा सहयोग पुग्ने बताए ।


*-रातोपाटी डटकम*

# 'धान जोन' मै उत्पादन घट्यो



कैलालीमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित 'धान जोन' मा उत्पादन घटेको छ । अघिल्लो वर्षको तुलनामा यसवर्ष बर्खे धान उत्पादनमा कमी आएको हो । गत वर्ष 'धान जोन' मा चार हजार २१६ मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष तीन हजार ६८८ मेट्रिकटन मात्रै धान उत्पादन भएको जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइका सूचना अधिकारी लक्ष्मी शाहले जानकारी दिए । उनका अनुसार जिल्लामा ८०० हेक्टर क्षेत्रफलमा 'धान जोन' सञ्चालनमा रहेको छ । क्षेत्रफल एउटै भए पनि गत वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा ५२८ मेट्रिकटनले कमी आएको उनले जानकारी दिए । उत्पादन घटेसँगै उत्पादकत्व घटेको छ । गत वर्ष 'धान जोन' मा बर्खे धानको उत्पादकत्व ५.२७ मेट्रिकटन प्रतिहेक्टर रहेकामा यस वर्ष उत्पादकत्व घटेर चार दशमलव ६१ मेट्रिकटन प्रतिहेक्टर भएको सूचना अधिकारी शाहले जानकारी दिए । धान संकलन गर्ने समयमा भएको वर्षाले धानमा पुऱ्याएको क्षतिका कारण उत्पादनमा कमी आएको उनले बताए । कैलालीमा 'धान जोन' आर्थिक वर्ष २०७८/७९ बाट सुरु भएको थियो । 'धान जोन' जिल्लाका जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र जानकी गाउँपालिकाका विभिन्न ९ वडामा सञ्चालनमा छ । लागत घटाएर कृषि आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउन ५० प्रतिशत अनुदानमा किसानलाई बीउ, विषादी, कृषियन्त्र उपकरण वितरण गर्ने गरिएको छ । साथै परियोजनाले प्राविधिक सहयोग गर्ने गरेको जनाइएको छ । जिल्लामा आर्थिक वर्ष २०७३/७४ बाट 'गहुँ सुपरजोन' र आर्थिक वर्ष २०७४/७५ बाट 'तेलहन जोन' सञ्चालनमा छ । 'गहुँ सुपरजोन' जिल्लाको कैलारी गाउँपालिका, गौरीगङ्गा गाउँपालिका र घोडाघोडी नगरपालिकाका विभिन्न १८ वडामा तथा 'तेलहन जोन' जानकी, जोशीपुर र बर्दगोरिया गाउँपालिका, भजनी र घोडाघोडी नगरपालिकाका विभिन्न २९ वडा सञ्चालनमा रहेको जनाइएको छ ।

*-अनलाइन खबर डटकम*



*पर्यटकको भिड :*
*तानसेनस्थित शितलपाटीमा पाल्पा घुम्न आएका फ्रान्सेली पर्यटक । चिसो बढेसँगै पाल्पामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भिड लागेको छ । तस्वीर : किशोर भट्टराई/एनजेडी*

# रविविरुद्ध धमाधम...

...गत आइतबार काठमाडौँ जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालले रवि लामिछानेलाई थुनामा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो ।

उनीसँगै नेपाल प्रहरीका पूर्वडिआइजी छविराज जोशी, कुमार रम्तेल, गीतेन्द्रबाबु(जिबी) राई, देवेन्द्रबाबु राई, इरान लामा, कविता तामाङ, हेमन्त अधिकारी, रविना रिमाल, भूपेन्द्र राई, नवीन अछामीसहित २२ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । त्यस लगत्तै लामिछानेविरुद्ध चितवनमा पनि पक्राउ पुर्जी जारी भएको छ । गोर्खा मिडिया नेटवर्कका पूर्वप्रबन्ध निर्देशक लामिछाने, पूर्वउपाध्यक्ष पूर्वडीआईजी छविलाल जोशीसहित १० जनाविरुद्ध अनुसन्धान गर्न चितवन जिल्ला अदालतले शुक्रबार प्रहरीलाई अनुमति दिएको हो ।

साहारा चितवन सहकारीका २४ बचतकर्ताले चितवन-२ का सांसदसमेत रहेका लामिछानेलगायत विरुद्ध बुधबार प्रहरीमा पूरक जाहेरी दिएका थिए । जाहेरीबमोजिम अनुसन्धान गर्न जिल्ला अदालतले अनुमति दिएको हो ।

# गुल्मीमा एउटै गाउँबाट...

...राजनीति गरेर मात्रै जीवन नचल्ने भएकोले आफूले पुर्ख्यौली पेसालाई व्यावसायिकरण गरेको उनको भनाई छ । 'राजनीतिक नेताहरुको व्यवसाय नहुँदा नागरिकले शङ्का गर्छन्' उनले भने, 'कृषिसँगै जनसेवा गर्ने चाहाना छ ।'

स्थानीय केशव खनालको बगैँचामा पनि अहिले एक हजार सुन्तलाका बोट छन् । विगतदेखि नै सुन्तलाखेती गर्दै आएका केशव अहिले थप व्यावसायिक बनेका छन् । गत वर्ष मात्रै उनले ९० क्वीन्टल सुन्तला बिक्रीबाट छ लाख आम्दानी गरेका थिए । गतवर्ष उनको बगैँचाबाट प्रति केजी ५५मा सुन्तला बिक्री भएको थियो । अहिले पनि उनको बारीमा दुई सय बिरुवाले फल दिइरहेका छन् । बाँकी आठ सय बिरुवा कलमे र नयाँ लगाएकाले केही वर्षमा फल दिने छन् । खनालले चक्लाबन्दी गरेर पनि सुन्तलाका बिरुवा लगाएका छन् । निकट भविष्यमा उनीसँग भएका सबै बिरुवा फल्दा डेढ सय क्वीन्टलभन्दा बढी सुन्तला फल्छन् ।

यसबाट उनको आम्दानीमा पनि उल्लेख्य वृद्धि हुनेछ । 'बजार मूल्यभन्दा कम मूल्य पाउछौँ'उनले भने, 'बगैँचाबाटै सुन्तला बिक्री हुन्छ ।'

**चार करोडको सुन्तला निर्यात**

पिपलधारा सुन्तला खेतीको लागि प्रख्यात मानिन्छ । यहाँका ६० प्रतिशत नागरिक सुन्तला खेतीमा आवद्ध छन् । पिपलधारामा कूल दुई हजार रोपनी जग्गालाई सुन्तला पकेट एरियाको रुपमा निर्धारण गरिएको छ । उक्त जग्गालाई पाँच हजार रोपनीसम्म विस्तार गर्ने योजना वडाको छ । सुन्तला लिनको लागि व्यापारी बगैँचामै आउने गर्दछन् । पिपलधाराको सुन्तला स्थानीय बजार हुँदै तम्घास, अर्घाखाँची, पाल्पा, बुटबललगायतका स्थानमा पुग्ने गर्दछन् । यो वर्ष पनि केही दिनभित्रै सुन्तला निर्यात गर्ने तयारी भइरहेको वडाध्यक्ष खड्काले बताए ।

'सुन्तलाको बजारीकरणको लागि कुनै समस्या छैन ।' वडाध्यक्ष खड्काले भने, 'पिपलधाराको पहिचान नै सुन्तलाबाट बनेको छ ।' गतवर्ष मात्रै पिपलधाराबाट चार करोडको सुन्तला निर्यात भएकोमा यो वर्ष चार करोड ५० लाखभन्दा बढीको सुन्तला निर्यात हुने वडाध्यक्ष खड्काले बताए ।

*-रासस*

## खेलकुद समाचार

# भारतसँग अस्ट्रेलिया १ सय ४ रनमै अलआउट



**काठमाडौं,** मंसिर ८/भारतसँगको पहिलो टेस्ट क्रिकेटको पहिलो पारीमा अस्ट्रेलिया १ सय ४ रनमा अलआउट भएको छ । खेलको दोस्रो दिनको खाना समयअघि घरेलु टोली अस्ट्रेलिया १ सय ४ रनमै समेटिएको हो ।

अस्ट्रेलियाका मिचेल स्टार्कले सबैभन्दा धेरै २६ रन बनाए । भारतका कप्तान जसप्रीत बुमराहले ५ विकेट लिए । अहिले भारतले दोस्रो पारीको ब्याटिङ थालेको छ । भारतले ४६ रनको अग्रता लिएको छ । यसअघि पर्थमा टस जितेर ब्याटिङ गरेको भारतले पहिलो पारीमा १ सय ५० रन बनाएको थियो । भारतका नितिश रेड्डीले सबैभन्दा धेरै ४१ रन बनाए । अस्ट्रेलियाका जोश हेजलवूडले ४ विकेट लिए । बोर्डर गभास्कर ट्रफीअन्तर्गत भारत र अस्ट्रेलियाबीच पाँच खेलको टेस्ट शृङ्खला हिजोदेखि शुरू भएको हो । यो टेस्ट शृङ्खलाले विश्व टेस्ट च्याम्पियनशिपको फाइनल पुग्ने सम्भावित टोलीको निर्णय गर्नेछ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६८, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# गत वर्षको तुलनामा राजस्व संकलन बढ्यो




**पाल्पा,** मंसिर ८/चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको राजस्व संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही वृद्धि भएको छ । अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिले सार्वजनिक गरेको विवरण अनुसार करिब १७ प्रतिशतले राजस्व संकलनमा वृद्धि भएको हो ।

चालु आवको चार महिनामा तीन खर्ब २३ अर्ब २४ करोड राजस्व संकलन भएको छ । गत वर्ष यही अवधिमा दुई खर्ब ७६ अर्ब मात्र सङ्कलन भएको थियो । गत वर्षको यही समयको तुलनामा राजस्व संकलनमा वृद्धि भए पनि सरकारले लक्ष्यअनुसार राजस्व उठाउन भने सकेको छन् । विगतका तथ्यांङ्कलाई हेर्ने हो भने पनि सरकार लक्ष्य पुरा गर्न सकेको देखिदैन । सरकारले आव २०७९/८० मा १४ खर्ब तीन अर्ब १५ करोड राजस्व संकलनको लक्ष्य राखेकोमा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व संकलनको लक्ष्य रहेकामा ७४.५४प्रतिशत मात्र प्रगति गरेको थियो । राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता रहेको छ । अर्थ मन्त्रालयले समेत विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भए पनि चालु आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबीच समन्वय तथा सहयोग जरुरी रहेको औल्याएको छ ।


**बालअधिकारप्रति संवेदनशील बनौं**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई